# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४६) काठमाडौं, पुस २९ गते २०५३ साल (संख्या ३९

## भाग ४

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

प्रधानमन्त्रीको कार्यालयका सचिव श्री पुण्यप्रसाद दाहाल श्री ५ को सरकार (मं.प.) को निर्णयानुसार कृषि मन्त्रालयको सचिवमा काजमा जानु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्म वा अर्को व्यवस्था नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सह-सचिव श्री खगेन्द्रप्रसाद पौडेललाई मिति २०५३।९।३ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

कानून तथा न्याय मन्त्रालयका सचिव श्री सुरेसमान श्रेष्ठ बंगलादेशको राजधानी ढाकामा आयोजना हुने सार्क राष्ट्रका न्यायाधीशहरूको दोस्रो सम्मेलन एवं पाँचौ सार्क सम्मेलनमा भागलिन त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री विनोदकुमार देवकोटालाई मिति २०५३।९।११ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

६९८

आज्ञाले,
कर्णबहादुर चन्द
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।